सुनिलस्मृति गाउँपालिका

स्थानीय राजपत्र

*खण्ड:*१० *संख्या:* ५ *मिति:* २०८३/०६/२२

भाग-२

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८३

प्रस्तावना

सुनिलस्मृति गाउँपालिकाको संरचना, नीति निर्माण र सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता, अपाङ्गता मैत्री तथा सामाजिक समावेशीमैत्री बनाउन, संवैधानिक एवम् कानूनी उत्तरदायित्व तथा जिम्मेवारी पुरा गर्न, राज्यले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता अनुरुप कार्य गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी गाउँपालिकामा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणलाई

संस्थागत गर्दै समावेशी विकास कार्यान्वयन तथा प्रवर्धन गर्न वाञ्छनीय भएकोले यो कार्यविधि जारी गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

१) यस कार्यविधिको नाम **"लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८३"** रहनेछ।

२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएपछि तुरुन्त लागु हुनेछ ।

२. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "गाउँपालिका" भन्नाले सुनिलस्मृति गाउँपालिका सम्झनुपर्दछ।

ख) "कार्यक्रम" भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजनाहरूको संयोजित रुप सम्झनुपर्दछ।

ग) "योजना" भन्नाले समग्र विकास निर्माण सम्बन्धी कार्यको लागि तयार गरिएको गाउँपालिकाको आवधिक विकास योजना, बार्षिक विकास योजना, एकीकृत शहरी विकास योजना, विषयगत गुरुयोजना, रणनीतिक योजना आदि सम्झनुपर्छ।

घ) "लैङ्गिक समता" भन्नाले अवसर र न्यायबाट वञ्चित महिला वा पुरुषलाई थप अवसर दिएर समतामूलक स्थितिको निर्माण गर्न गरिने विशेष प्रयासलाई सम्झनुपर्छ।

ङ) "लैङ्गिक समानता" भन्नाले महिला र पुरुषबीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनुपर्छ।

च) "सामाजिक समावेशीकरण" भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा सांस्कृतिक जीवनयापन गर्नबाट बञ्चित एवम् विपन्न तथा

सामाजिकरुपमा पछाडि परेका समूहहरूलाई राज्यका सबै तहको संरचनामा प्रतिनिधित्व तथा विकास निर्माण र कार्यसम्पादनका प्रकृयामा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन तथा आधारभूत अधिकार उपभोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनुपर्छ। साथै यस शब्दले वञ्चितिकरणमा परेकाहरूको पहिचान, प्रतिनिधित्व, सहभागिता, पहुँच वृद्धि, सशक्तिकरण र आवश्यकता परिपूर्ति गर्ने लगायतका कार्यलाई जनाउँदछ।

छ) "लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण" भन्नाले महिला, पुरुष, अपाङ्गता भएका व्यक्ति र विभिन्न सामाजिक समूहहरू बीचको असमान शक्ति सम्वन्धहरूलाई पुनःसन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरूका लागि समान अधिकार, अवसर एवम् सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने विषयलाई सम्झनुपर्छ।

ज) "सम्पर्क व्यक्ति" भन्नाले कार्यालयमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धी विषय हेर्ने गरी सम्पर्क व्यक्तिको रुपमा तोकिएको पदाधिकारी वा कर्मचारीलाई सम्झनुपर्छ।

झ) "उपभोक्ता समिति" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरू मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनुपर्छ।

ञ) "गैरसरकारी संस्था" भन्नाले प्रचलित कानुन वमोजिम स्थापना भएका गाउँपालिकाको सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई गाउँपालिकासँग समन्वय गरी कार्य सञ्चालन गर्ने गैरनाफामूलक संस्था सम्झनुपर्छ।

ट) "स्थानीयकरण" भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाँउ विशेषको परिस्थिति वा अवस्था अनुसार ढाली त्यसको प्रभावकारी एवम् अधिकतम उपयोग गर्ने प्रक्रियालाई सम्झनुपर्दछ।

ठ) "बञ्चित समूह" भन्नाले परम्परागतरुपमा लामो समय देखि जातीय, आर्थिक, लैङ्गिक, अपाङ्गता, लैङ्गिक तथा यौनिक अल्पसंख्यक एवम् भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित, आदिवासी, जनजाती, मधेसी, मुस्लिम, अपाङ्ग, ज्येष्ठ नागरिक एवम् दुर्गम क्षेत्रमा बसोवास गर्ने जनता सम्झनुपर्दछ।

ड) "अल्पसंख्यक" भन्नाले संघीय कानुन बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक समूह सम्झनुपर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ।

ढ) "सीमान्तीकृत" भन्नाले राजनीतिक, आर्थिक र सामाजिकरूपले पछाडि परेका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानुन बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनुपर्छ र सो शब्दले अति सीमान्तीकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ।

ण) "लक्षित समूह" भन्नाले आर्थिकरूपमा विपन्न वर्गका महिला एवम् बालबालिका तथा आर्थिक र सामाजिकरूपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम तथा पिछडावर्ग एवम् नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवम् समुदाय) सम्झनुपर्छ।

त) "लैङ्गिक उत्तरदायी बजेट" भन्नाले लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनाबद्ध रूपमा उद्देश्यमूलक कार्यक्रमहरू तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धतिलाई जनाउँदछ।

थ) "लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट" भन्नाले स्थानीय योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा ज्येष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागितामूलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई जनाउँछ । लैङ्गिक समानता तथा सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर उद्देश्यमूलक, योजनाबद्ध, लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपभोग हुने गरी गरिने बजेट तर्जुमा प्रक्रियालाई सम्झनुपर्छ।

द) "लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण" भन्नाले समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला र पुरुषबीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको विश्लेषणबाट लैङ्गिक समानता तथा समावेशी विकास गर्न तय गरिएको नीति, बजेट र कार्यक्रम मार्फत तोकिएको उद्देश्य हासिल भए नभएको लेखाजोखा र परीक्षण गरी सुधारका उपाय पहिल्याउने औजारलाई सम्झनुपर्छ।

ध) "लैङ्गिक मूलप्रवाहीकरण" भन्नाले कुनै पनि योजनाबद्ध कार्य, नीति नियम, कार्यक्रम कार्यान्वयनको हरेक क्षेत्र, प्रक्रिया तथा तह र तप्कामा

महिला तथा वञ्चितिमा परेका वर्गहरूलाई समाहित गर्ने प्रक्रियालाई सम्झनुपर्छ।

न) "सामाजिक वञ्चितीकरणमा परेका समूहहरू" भन्नाले महिला, बालबालिका, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू तथा भौगोलिकरूपले दुर्गम क्षेत्रमा बसेका जनतालाई बुझाउंदछ।

ऩ) "लैङ्गिक प्रभाव विष्लेषण" भन्नाले नीति तथा अभ्यासहरूको परीक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनावाट महिला एवम् पुरुष कत्तिको लाभान्वित भएका छन् भन्ने अवस्थाको लेखाजोखा गर्ने कार्यलाई सम्झनुपर्दछ।

प) "सशक्तिकरण" भन्नाले विकासका अवसरहरूवाट बञ्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडि परेका, अशक्त वा कमजोर वर्गलाई सूचना, पहुँच, क्षमता, र आवाजका हिसाबले सशक्त र सवल बनाउने कार्यलाई सम्झनुपर्दछ।

फ) "लैसअसास कार्यदल" लैसअसास परीक्षणका लागि गाउँपालिकाले तयार गर्ने कार्यदल सम्झनुपर्दछ।

३. उद्देश्यः

यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः

क) लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण मार्फत गाउँपालिकाको संस्थागत संरचना र कार्यक्रमहरूमा महिला, लक्षित वर्ग र सीमान्तकृत समूहहरूलाई समावेशी गरी लैङ्गिक समानता र सबै जातजातिको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तरहरूको प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रवाहीकरण र सशक्तिकरण गर्दै लैजाने।

ख) महिला, लक्षित वर्ग र सीमान्तकृत समूहहरूलाई समावेश गरी उनीहरूको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिवृद्धि गरी गाउँपालिकाको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने।

ग) गाउँपालिकाको सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैसअसास दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्कन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने।

घ) लैसअसास परीक्षणको नतिजाको आधारमा समस्या तथा चुनौतीहरूको पहिचान गरी समयमै समाधान गर्ने तथा भावी योजना तथा कार्यक्रमका लागि नीतिगत पृष्ठपोषण लिने।

४. लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण परीक्षण विधिः

लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण परीक्षण गर्न संस्थागत लेखाजोखा विधि देहायका हुनेछन्ः-

ङ) नीति, कानुन, योजना

च) संस्थागत व्यवस्था

छ) मानव संसाधन तथा क्षमता विकास

ज) सेवा प्रवाह

झ) सुशासन तथा उत्तरदायित्व

५. अङ्क प्रदान गरिनेः

१) दफा ५ बमोजिम परीक्षण विधिका आधारमा देहाय बमोजिम अङ्क प्रदान गरिनेछः-

क) राम्रो देखिएमा १ अङ्क,

ख) मध्यम देखियमा ०.५ अङ्क,

ग) सुधार गर्नुपर्ने देखिएमा वा सो विषय हुँदै नभएमा ० अङ्क ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाको जिम्मेवारी बमोजिम सूचक कार्यान्वयन योग्य नभएमा सोको पुस्ट्याइँको आधारमा सम्बन्धित सूचकको गणना गरिने छैन।

२.४ परीक्षण अवधि

गाउँपालिकाले लैसअसास परीक्षण कार्य हरेक आर्थिक वर्षमा गर्नुपर्नेछ। लैसअसास परीक्षण गर्दा गत आ.व.मा सम्पन्न गरेको कार्यक्रमको परीक्षण चालु आ.व.को पौष मसान्त भित्रमा सम्पन्न गरी प्रतिवेदन तयार गर्नुपर्दछ। लैसअसास परीक्षण प्रतिवेदनले औंल्याएका विषयवस्तु उपर सम्बन्धित गाउँपालिकामा सम्बन्धित सरोकारवालाहरूबीच छलफल गरी प्राप्त भएका सुझावहरूलाई आगामी योजना तथा कार्यक्रम मार्फत सुधार गर्न पृष्ठपोषणको रुपमा ग्रहण गर्नु पर्नेछ।

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण विधि :

गाउँपालिकाले लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण बजेट परीक्षण गर्दा एउटा लैसअसास मैत्री कार्यदल बनाई कार्य गरिनेछ। लैसअसास परीक्षण कार्यान्वयन गर्दा निम्न विधिहरू अपनाई गाउँपालिकामा लैसअसासको विश्लेषण गरिनेछ।

१. **दस्तावेज समीक्षाः** लैसअसास कार्यदलले गाउँपालिकाको दस्तावेजहरू (जस्तैः ऐन, कानुन, नीति, कार्यविधि, क्षमता विकास योजना, बार्षिक योजना, आवधिक योजना, बार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, चौमासिक/बार्षिक समीक्षाको प्रतिवेदन आदिको) लैसअसासको दृष्टिकोणबाट विश्लेषण र पुनरावलोकन गरी प्रतिवेदन तयार गरिनेछ।

२. **लक्षित समुदाय छलफलः** लैसअसास बजेट परीक्षण गर्दा गाउँपालिकासँग सरोकार राख्ने समूहहरूसँग सम्बन्धित सवालहरूमा अझ बढी जानकारी लिनको लागि लक्षित समुदाय छलफल गरिनेछ।

३. **मूख्य सूचनादातासँग अन्तर्वार्ताः** लैसअसास परीक्षणको गोष्ठी सञ्चालन पूर्व सम्बन्धित सूचना सङ्कलन र छलफलहरूबाट आएका नतिजाहरूको बारेमा पुस्ट्याइँ तथा थप जानकारी लिनका लागि गाउँपालिकाका मूख्य सरोकारवाला वा प्रतिनिधिहरूसँग अन्तर्वार्ता गरिनेछ।

४. **कार्यशाला सञ्चालनः** अनसूची १ बमोजिमका सूचक अनुसार अङ्कभार दिनका लागि कार्यशाला सञ्चालन गरिनेछ। लैसअसास परीक्षणका लागि समावेश गरिएका ५ वटा मूख्य शीर्षक, २२ वटा उपशीर्षक र १०० वटा सूचकहरूमा गाउँपालिकाका पदाधिकारीहरू, कर्मचारी र अन्य सरोकारवालाहरूको सहभागितामा छलफल गरिनेछ । सहभागितात्मक छलफलको आधारमा राम्रो देखिएमा १, मध्यम देखिएमा ०.५ र सुधार गर्नुपर्ने देखिएमा वा नभएमा ० अङ्क प्रदान गरिनेछ। सूचकमा प्राप्ताङ्कको आधारमा माकुरेजालोको चित्र तयार गरिनेछ।

५. **सबल, सुधारात्मक, अवसर र चुनौती विश्लेषणः** लैसअसास कार्यदलले सहभागितात्मक विधिका आधारमा कार्यशालाकै अवधिमा लैसअसासका

लागि विगतमा भए गरेका गतिविधिहरू र अनुभवको आधारमा गाउँपालिकाको लैसअसास सम्बन्धी सबल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौती पहिचान गरिनेछ।

६. **कार्ययोजना तयारः** सहभागितात्मक प्रकृयाबाट पहिचान गरिएका सुधार गर्नुपर्ने पक्षहरूलाई समाधान गर्न अनुसूची ८ मा उल्लेख भएको ढाँचामा कार्ययोजना तयार गरिनेछ। यस कार्ययोजनालाई गाउँपालिकाले बार्षिक रुपमा अनुगमन गरी सुधार भएका पक्षहरूलाई पुनःकार्ययोजना बनाई निरन्तर कार्यान्वयन गरिनेछ।

७. **प्रतिवेदन तयारः** यस कार्यविधिको अनुसूची ९ मा उल्लेख भएको लैसअसास परीक्षणको प्रतिवेदनको ढाँचामा प्रतिवेदन तयार गर्नुपर्नेछ। लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण गर्दा सहभागीहरूबीच भएको छलफलबाट आएको निचोडलाई प्रतिवेदनका रुपमा तयार गरिनेछ।

३.२ परीक्षणका चरणहरू

गाउँपालिकाले लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणलाई प्रभावकारी बनाउन देहायका तीन चरणमा कार्य सम्पादन गर्नुपर्दछ।

३.२.१ तयारी चरण

सर्वप्रथम प्रत्येक गाउँपालिकाले स्थायी प्रकृतिको देहाय बमोजिम लैसअसास कार्यान्वयन समिति गठन गर्नुपर्दछः

क) देहाय बमोजिमको लैसअसास कार्यान्वयन समिति गठन गर्ने ।

१. गाउँपालिका अध्यक्ष - संयोजक

२. उपाध्यक्ष - सदस्य

३. प्रमुख प्रशासकीय अधिकृत -सदस्य

४. सामाजिक विकास समितिका संयोजक, -सदस्य

५. कार्यपालिकाका सदस्यहरू मध्येबाट १ जना (महिला/दलित) -सदस्य

६. सामुदायिक संघ संस्थाहरू मध्येबाट संयोजकले तोकेको १ जना -सदस्य

७. लैसअसास हेर्ने विभाग/महाशाखा/शाखाका प्रमुख - सदस्य सचिव

ख) लैसअसास कार्यान्वयन समितिको बैठक बसी तयारी बैठक बस्ने, सहभागीहरूको सूची तयार गर्ने, गोष्ठी सञ्चालनको मिति, स्थान, समय अवधि तोक्ने।

ग) कार्यशाला गोष्ठी पूर्व तयारी तथा चाहिने सामग्रीहरूको व्यवस्था गर्ने।

घ) लैसअसास परीक्षणका उद्देश्य र प्रकृयाका बारेमा जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाहरूलाई जानकारी गराउने, अभिमुखीकरण गर्ने।

ङ) लैसअसास परीक्षणका लागि कार्यदल बनाउने। उक्त कार्यदलमा गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा सम्वन्धित विज्ञ वा परीक्षणकर्ता, विषय क्षेत्र हेर्ने शाखाका कर्मचारी र सरोकारवाला समेत ३ देखि ५ सदस्य रहनेछन्। यस्तो कार्यदलमा कम्तिमा एक जना महिला र सम्भव भएसम्म दलित/अन्य लक्षित समूहहरूको समेत प्रतिनिधित्व हुने व्यवस्था गर्नु पर्नेछ।

च) स्वतन्त्र एवम् निष्पक्ष मूल्याङ्कन नतिजाका लागि लैसअसास परीक्षण कार्य संघ वा प्रदेशका सम्बन्धित मन्त्रालयका प्रतिनिधिबाट समेत गर्न गराउन सकिनेछ।

छ) लैसअसास परीक्षण कार्य गाउँपालिकाको नितान्त स्व-लेखाजोखा कार्यक्रम भएको हुनाले यस विषयमा सहजीकरण गर्ने सीप भएको विज्ञ वा त्यस्तो विज्ञ रहेका संस्थाले सहजीकरण गर्न सक्दछ।

ज) लैसअसास परीक्षण कार्यको सहजीकरण गर्न स्थानीय सरकारले आवश्यक ठानेमा वाह्य स्रोत व्यक्तिको पनि सहयोग लिन सक्दछ।

३.२.२ कार्यान्वयन चरण

कार्यदलले लैसअसास परीक्षणका लागि देहाय बमोजिमको प्रक्रिया अबलम्बन गर्नुपर्दछः

क) कार्यदलले पदाधिकारीहरू र कर्मचारीहरूको सहभागिताद्धारा सर्वप्रथम प्रत्येक विषय क्षेत्रको सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती (लैसअसास सम्बन्धित आन्तरिक र वाह्य वातावरणीय पक्षहरू) को सामुहिकरुपमा आङ्कलन गर्ने,

ख) लेखाजोखाको ढाँचा अनुसूची १ अनुसारको प्रश्नावलीहरूमा छलफल गरी अङ्क दिने,

ग) लैसअसास कार्यान्वयन समितिको बैठकमा सहभागी भई छलफल भएका विषयवस्तुको जानकारी लिने,

घ) लैसअसास परीक्षण कार्ययोजना विस्तृतरुपमा तयार गर्ने र समिति समक्ष छलफल गरी स्वीकृत गराउने,

ङ) कार्यदलको कार्ययोजनाका सम्बन्धमा सम्बन्धित पदाधिकारी र शाखा/महाशाखाका कर्मचारीहरूसँग छलफल गरी जानकारी गराउने,

च) लैसअसास परीक्षणका लागि गाउँपालिकाका पदाधिकारीहरू लगायत प्रमुख प्रशासकीय अधिकृत तथा सरोकारवालाहरूसँग समन्वय गर्ने,

छ) सन्दर्भ सामाग्रीहरूको अध्ययन गर्ने, सबै सूचकहरूको गम्भिरतापूर्वक अध्ययन गर्ने,

ज) सूचकहरूका लागि प्राथमिक र द्वितीय स्रोतहरूको पहिचान गर्ने र सो अनुरुप सूचना सङ्कलन गर्ने,

झ) सूचना सङ्कलनका विधिहरूको निर्क्योल गरी उपयुक्त सूचना उपयुक्त विधिबाट सङ्कलन गर्ने,

ञ) द्वितीय स्रोतबाट लिइने सूचनाका लागि आवश्यक प्रमाण जुटाउने र सम्बन्धित सूचकमा अङ्क प्रदान गरी तालिकामा अङ्क प्रदान गरिएको प्रमाण उल्लेख गर्ने,

ट) नीति, योजना, कार्यक्रम, निर्णय तथा कार्यक्रम कार्यान्वयसँग सम्बन्धित प्रमाण तथा आधिकारिक कागजातहरू जुटाउने,

ठ) प्राथमिक स्रोतका सूचनाका लागि आवश्यकता अनुसार स्थलगत अनुगमन गर्ने र सम्बन्धित सरोकारवालाहरू तथा प्रमुख प्रशासकीय अधिकृत, शाखा/महाशाखाका सम्वद्ध कर्मचारी र पदाधिकारीहरू तथा सेवाग्राहीसँग छलफल गर्ने, अन्तर्वार्ता लिने,

ड) कार्यशालामा प्रस्तुत गर्ने विषयवस्तु र लिने सूचनाको ढाँचा तयारी गर्ने र सो बमोजिम प्रस्तुतीकरण गर्ने र सूचना सङ्कलन वा जानकारी लिने,

ढ) कार्यदलले अनुसूची १ बमोजिमका सबै सूचकहरूमा अङ्क प्रदान गर्ने कार्य सम्पन्न गरेपछि अनुसूची २ बमोजिमको मूख्य विषय क्षेत्रका सूचकहरूको शीर्षकगत प्राप्ताङ्क तालिका तयार गर्नुपर्दछ। सबै सूचकहरूमा अङ्क प्रदान गर्ने कार्य सम्पन्न भएपश्चात् प्रत्येक प्रश्नावलीमा पाएको अङ्कको आधारमा गाउँपालिकाको लैसअसासको बर्तमान अवस्था अनुसूची ३ बमोजिमको ढाँचामा माकुरे जालोमा चित्रण गर्नु पर्नेछ। यसका साथै अन्य सम्वद्ध तालिकाहरूको तयारी र अनुसूची ७ बमोजिम गाउँपालिकाको लैसअसासका सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहरू पहिचान गर्नुपर्दछ । पूर्णाङ्क प्राप्त गर्ने सूचकलाई सवल पक्षमा र त्यसभन्दा कम अङ्क प्राप्त गर्ने सूचकलाई सुधार गर्नुपर्ने पक्षमा राख्नु पर्दछ ।पहिचान गरिएका सुधार

गर्नुपर्ने पक्षहरूलाई समाधान गर्ने हिसाबले अनुसूची ८ बमोजिमको ढाँचामा कार्ययोजना तयारी गर्नुपर्दछ ।

३.२.३ प्रतिवेदन चरण

यस चरणमा कार्यदलले प्राप्त सूचना तथा तथ्याङ्कहरूलाई प्रतिवेदनका रुपमा प्रस्तुत गर्नुपर्दछ। प्रतिवेदनलाई आकर्षक बनाउन यसलाई विभिन्न खण्डमा तयार गर्नुपर्दछ। यसबाट सरोकारवाला र अध्ययन प्रति चासो राख्ने सबैलाई गाउँपालिकाको लैसअसासको अवस्थाका सम्बन्धमा जानकारी लिन छिटो र सजिलो हुन्छ। अनुसूची ९ बमोजिमको ढाँचामा प्रतिवेदन तयार गरिनेछ । देहायका अनुसूचीहरू रहनेछ ।

१ अनुसूची -१ : लैङ्गिक समानता र सामाजिक समावेशीकरणको मूल्याङ्कनका सूचक र मापनका अवस्थाहरू

२ अनुसूची -२ : शीर्षकगत प्राप्ताङ्क तालिका

३ अनुसूची -३ :माकुरी जालोको नमूना चित्र

४ अनुसूची -४: लैसअसास परीक्षण नतिजा बारचार्ट

५अनुसूची -५: पालिकाको लैङ्गिक समानता,अपाङ्गता तथा सामाजिक समावेशीकरणको अवस्था

६ अनुसूची -६: गाउँपालिकाको लैसअसास अवस्थाको लेखाजोखा

७ अनुसूची -७: सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहरू

८ अनुसूची -८: लैङ्गिक तथा सामाजिक समावेशीकरण विकास कार्ययोजना

९ अनुसूची -९: लैसअसास परीक्षण प्रतिवेदनको ढाँचा

३.३ प्रतिवेदनको कार्यान्वयन र जिम्मेवारी

लैसअसास परीक्षण प्रतिवेदन प्राप्त भएपछि यसलाई कार्यपालिकाको बैठकमा छलफलको लागि प्रमुख प्रशासकीय अधिकृतले प्रस्तुत गर्नुपर्नेछ । सम्भव भएका विषय चालु आर्थिक बर्षमा नै र बजेट नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने विषयहरू आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्नु/गराउनुपर्दछ। शाखागतरुपमा लैसअसास परीक्षणको विषय लैसअसास हेर्ने सम्बन्धित शाखाको कार्य जिम्मेवारीमा समावेश गर्नुपर्दछ ।

कार्यदलले प्रस्तुत गरेको लैसअसास परीक्षण प्रतिवेदमा समावेश भए बमोजिम कार्ययोजना कार्यान्वयनको लागि स्थानीय सरकारले नियमित बार्षिकरुपमा अनुगमन गरी सुधार भएका पक्षहरूलाई माकुरी जालोमा थप्दै उपलब्धीहरूलाई अभिलेख गर्नुपर्दछ। कार्ययोजना कार्यान्वयनको विषय स्थानीय सरकारको कार्यसम्पादन सूचकमा समावेश गरी प्रगति मापन गर्ने प्रणाली अवलम्बन गर्नुका साथै बाँकी रहेका सुधार गर्नुपर्ने पक्षहरूलाई पुनः बार्षिक विकास योजना मार्फत सम्बोधन गरी निरन्तररुपमा कार्यान्वयन गर्नुपर्दछ ।

४.१ लैसअसास परीक्षणका मूख्य सूचकहरू

लैसअसास परीक्षणका लागि स्थानीय सरकारको नीतिमा लैङ्गिक तथा सामाजिक समावेशी विकास, लैङ्गिक तथा सामाजिक समावेशी उत्तरदायी कार्यक्रम, आन्तरिक संरचना र मानव संसाधन, सम्बन्ध विस्तार र नेपाल सरकारका प्रतिवद्धताहरू लगायतका विषयवस्तु समेटिएका छन्। लैसअसास परीक्षणका लागि देहायका पाँचवटा मूख्य सूचकहरू तथा अङ्कभारको व्यवस्था गरिएको छ:

१. नीति, कानुन, योजना	२०
२. संस्थागत व्यवस्था	२०
३. मानव संसाधन तथा क्षमता विकास	२०
४. सेवा प्रवाह	२०
५. सुशासन तथा उत्तरदायित्व	२०

४.२ लैसअसास परीक्षणका उपसूचकहरू

लैसअसास परीक्षणका प्रमुख पाँचवटा सूचकहरू भित्र विभिन्न २२ वटा उपसूचकहरू राखिएका छन्। ती उपसूचकलाई प्रष्ट बनाउनका लागि प्रत्येक उपसूचकमा प्रश्नहरू राखिएका छन्। समग्रमा यस परीक्षणमा १०० वटा प्रश्नहरूको उपयोग गरिएको छ। प्रत्येक प्रश्नको पूर्णाङ्क १ (एक) रहेको र जसमा ०-१ सम्मको अङ्कभार रहेको छ। उक्त २२ वटा उपसूचकहरू यसप्रकार रहेका छन्।

१. नीति र कानुनमा समावेशिता/सहभागिता

२. योजना तर्जुमा तथा कार्यान्वयन

३. बजेट तर्जुमा तथा कार्यान्वयन

४. कर्मचारी पदाधिकारी प्रतिनिधित्व

५. कार्यप्रणाली समावेशी

६. समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व

७. वित्त व्यवस्थापन प्रणालीमा समावेशिता

८. तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन

९. मानव संसाधन तथा क्षमता विकास

१०. अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार बिरूद्ध जनचेतना

११. कानूनी साक्षरता

१२. विपद व्यवस्थापनमा समावेशिता

१३. पूर्वाधार विकास

१४. प्रजनन् स्वास्थ्य

१५. शिक्षा कार्यक्रम

१६. खानेपानी तथा सरसफाई

१७. स्व-रोजगार तथा आय आर्जन र बजार व्यवस्थापन

१८. सुशासन

१९. उत्तरदायित्व र जवाफदेहिता

२०. सूचना तथा सञ्चार

२१. अनुगमन तथा मूल्याङ्कन

२२. समन्वय र सम्बन्ध बिस्तार

प्रत्येक उपसूचकको मूल्याङ्कन गर्दा राम्रो अवस्थालाई १ अङ्क, मध्यम अवस्थालाई ०.५ अङ्क र अति कमजोर अवस्थालाई ० अङ्क दिनु पर्दछ। अनुसूची १ मा प्रत्येक

सूचकमा '१', '०.५', र '०' अङ्क पाउने अवस्था र सोको प्रमाणीकरणको आधार समेत राखिएको छ। यी सूचकमा गरिने मूल्याङ्कन कार्यदलको सामुहिक मूल्याङ्कन हो। कार्यदलका सदस्यहरूले पहिला सूचकमा छलफल गरी सोको अवस्थाबारे सहमतिमा अङ्क प्रदान गर्नुपर्दछ।

लैसअसास परीक्षणका लागि विषय क्षेत्र तथा प्रमुख सूचक तथा उपसूचकहरूको विस्तृत अनुसूची १ मा देहाय बमोजिम प्रस्तुत गरिएको छः

अनुसूची १

नोट: मुल्याङ्कन गर्दा राम्रो अवस्थालाई १ अङ्क, मध्यम अवस्थालाई ०.५ अङ्क र अति कमजोर अवस्थालाई ० अङ्क दिनु पर्नेछ। तल दिएको तालिकामा प्रत्येक सूचकमा '१', '०.५', र '०' अङ्क पाउने अवस्था र सोको प्रमाणीकरणको आधार राखिएको छ। यी सूचकमा गरिने मूल्याङ्कन सामुहिक मूल्याङ्कन हो। समूहमा पहिला सूचकमा छलफल गरी सोको अवस्थाबारे सहमतिमा अङ्क प्रदान गर्नु पर्नेछ।

सि नं	मूल विषय	सहायक विषय	अङ्क	सूचक नं	सूचक	सूचक को अङ्क	प्राप्ताङ्क	१ अङ्क आउने अवस्था	०.५ अङ्क आउने अवस्था	० अक आउने अवस्था	प्रमाणिकरणको आधार
१	नीति, कानुन, योजना २०	नीति र कानुनमा समावेशिता, सहभागिता	८	१.१.१	गाउँपालिकाको नीति तथा कानुनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैसअसासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा गर्दा लैसअसास दृष्टिकोणले भएको, मस्यौदाको विषयवस्तु र शब्द चयन	०-१		गाउँपालिकाको नीति तथा कानुनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैसअसासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा गर्दा लैसअसास दृष्टिकोणले भएको, मस्यौदाको विषयवस्तु र शब्द चयन समावेशी र	गाउँपालिकाको नीति तथा कानुनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैसअसासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा, मस्यौदाको विषयवस्तु र शब्द चयन आंशिक रुपमा मात्र समावेशी र सहभागितामूलक हुने गरेको ।	गाउँपालिकाको नीति तथा कानुनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैसअसासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा गर्दा लैसअसास दृष्टिकोणले भएको, मस्यौदाको विषयवस्तु	गाउँपालिकाले स्वीकृत गरेका नीति तथा कानूनी दस्तावेजहरू र स्वीकृतिको लागि प्रस्तुत गरेका मस्यौदा नीति तथा कानूनी दस्तावेजहरू । यस सम्बन्धी निर्णय फाइलहरू ।

नोट: मुल्याङ्कन गर्दा राम्रो अवस्थालाई १ अङ्क, मध्यम अवस्थालाई ०.५ अङ्क र अति कमजोर अवस्थालाई ० अङ्क दिनु पर्नेछ। तल दिएको तालिकामा प्रत्येक सूचकमा '१', '०.५', र '०' अङ्क पाउने अवस्था र सोको प्रमाणीकरणको आधार राखिएको छ। यी सूचकमा गरिने मूल्याङ्कन सामुहिक मूल्याङ्कन हो। समूहमा पहिला सूचकमा छलफल गरी सोको अवस्थाबारे सहमतिमा अङ्क प्रदान गर्नु पर्नेछ।

सि नं	मूल विषय	सहायक विषय	अङ्क	सूचक नं	सूचक	सूचक को अङ्क	प्राप्ताङ्क	१ अङ्क आउने अवस्था	०.५ अङ्क आउने अवस्था	० अक आउने अवस्था	प्रमाणिकरणको आधार
					समावेशी र सहभागितामूलक हुने गरे/नगरेको।			सहभागितामूलक हुने गरेको ।		र समावेशी शब्द चयन र सहभागितामूलक हुने नगरेको।	
२				१.१.२	गाउँपालिकाले आफ्ना नीति, कानुन, योजना जारी गर्नु भन्दा अगाडि लैसअसासको दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा वा विश्लेषण गरी	०-१		गाउँपालिकाले आफ्ना नीति, कानुन, योजना जारी गर्नु भन्दा अगाडि लैसअसासको दृष्टिले उपयुक्त भए नभएको बारे हरेक दस्तावेजमा लेखाजोखा वा विश्लेषण	गाउँपालिकाले आफ्ना नीति, कानुन, योजना जारी गर्नु भन्दा अगाडि लैसअसासको दृष्टिले उपयुक्त भए नभएको बारे आंशिकरुपमा (केही दस्तावेज) मात्र लेखाजोखा वा विश्लेषण गरी सुनिश्चित गर्ने गरेको।	गाउँपालिकाले आफ्ना नीति, कानुन, योजना जारी गर्नु भन्दा अगाडि लैसअसासको दृष्टिले उपयुक्त भए नभएको सम्वन्धमा कुनै दस्तावेज उपर लेखाजोखा वा विश्लेषण	गाउँपालिकाले आफ्ना नीति, कानुन, योजना का दस्तावेजहरू र लेखाजोखा सम्पन्न भएको प्रमाणित गर्ने कागजातहरू र समिति, शाखा महाशाखा, कार्यपालिकाका

नोट: मुल्याङ्कन गर्दा राम्रो अवस्थालाई १ अङ्क, मध्यम अवस्थालाई ०.५ अङ्क र अति कमजोर अवस्थालाई ० अङ्क दिनु पर्नेछ। तल दिएको तालिकामा प्रत्येक सूचकमा '१', '०.५', र '०' अङ्क पाउने अवस्था र सोको प्रमाणीकरणको आधार राखिएको छ। यी सूचकमा गरिने मूल्याङ्कन सामुहिक मूल्याङ्कन हो। समूहमा पहिला सूचकमा छलफल गरी सोको अवस्थाबारे सहमतिमा अङ्क प्रदान गर्नु पर्नेछ।

सि नं	मूल विषय	सहायक विषय	अङ्क	सूचक नं	सूचक	सूचक को अङ्क	प्राप्ताङ्क	१ अङ्क आउने अवस्था	०.५ अङ्क आउने अवस्था	० अक आउने अवस्था	प्रमाणिकरणको आधार
					सुनिश्चित गर्ने गरे /नगरेको ।			गरी सुनिश्चित गर्ने गरेको ।		गरी सुनिश्चित गर्ने नगरेको।	छलफल तथा निर्णयहरू।
३				१.१.३	गाउँपालिकाको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा	०-१		गाउँपालिकाको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा भएका	गाउँपालिकाको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा भएका नीतिहरू)	गाउँपालिकाको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा	गाउँपालिकाका स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजना सम्बन्धी दस्तावेजहरू, स्थानीय राजपत्र।

नोट: मुल्याङ्कन गर्दा राम्रो अवस्थालाई १ अङ्क, मध्यम अवस्थालाई ०.५ अङ्क र अति कमजोर अवस्थालाई ० अङ्क दिनु पर्नेछ। तल दिएको तालिकामा प्रत्येक सूचकमा '१', '०.५', र '०' अङ्क पाउने अवस्था र सोको प्रमाणीकरणको आधार राखिएको छ। यी सूचकमा गरिने मूल्याङ्कन सामुहिक मूल्याङ्कन हो। समूहमा पहिला सूचकमा छलफल गरी सोको अवस्थाबारे सहमतिमा अङ्क प्रदान गर्नु पर्नेछ।

सि नं	मूल विषय	सहायक विषय	अङ्क	सूचक नं	सूचक	सूचक को अङ्क	प्राप्ताङ्क	१ अङ्क आउने अवस्था	०.५ अङ्क आउने अवस्था	० अक आउने अवस्था	प्रमाणिकरणको आधार
					भएका नीतिहरू) सम्बन्धी विषयहरू समावेश भए /नभएको।			नीतिहरू) सम्बन्धी विषयहरू समावेश भएको ।	सम्बन्धी विषयहरू आंशिक रुपमामात्र समावेश भएको।	भएका नीतिहरू) सम्बन्धी विषयहरू समावेश नभएको ।	
४				१.१.४	महिला र पुरुष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यकको समविकास, सामाजिक विभेदको अन्त्य तथा लैसअसास परीक्षण गर्ने अलग्गै नीतिहरू छन् /छैनन् ?(स्थानीय	०-१		महिला र पुरुष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यकको समविकास, सामाजिक विभेदको अन्त्य तथा लैसअसास परीक्षण गर्ने अलग्गै नीति भएको र यस्तो नीति, स्थानीय ऐन,	महिला र पुरुष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यकको समविकास, सामाजिक विभेदको अन्त्य तथा लैसअसास परीक्षण गर्ने अलग्गै नीति भएको तर स्थानीय ऐन, कानुन,	महिला र पुरुष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यकको समविकास, सामाजिक विभेदको अन्त्य तथा लैसअसास परीक्षण गर्ने अलग्गै नीति नभएको र स्थानीय ऐन, कानुन,	महिला र पुरुष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यकको समविकास तथा लैसअसास तथा सामाजिक विभेद अन्त्य गर्ने नीति

नोट: मुल्याङ्कन गर्दा राम्रो अवस्थालाई १ अङ्क, मध्यम अवस्थालाई ०.५ अङ्क र अति कमजोर अवस्थालाई ० अङ्क दिनु पर्नेछ। तल दिएको तालिकामा प्रत्येक सूचकमा '१', '०.५', र '०' अङ्क पाउने अवस्था र सोको प्रमाणीकरणको आधार राखिएको छ। यी सूचकमा गरिने मूल्याङ्कन सामुहिक मूल्याङ्कन हो। समूहमा पहिला सूचकमा छलफल गरी सोको अवस्थाबारे सहमतिमा अङ्क प्रदान गर्नु पर्नेछ।

सि नं	मूल विषय	सहायक विषय	अङ्क	सूचक नं	सूचक	सूचक को अङ्क	प्राप्ताङ्क	१ अङ्क आउने अवस्था	०.५ अङ्क आउने अवस्था	० अक आउने अवस्था	प्रमाणिकरणको आधार
					ऐन, कानुन, कार्यविधि, निर्देशिकामा खास व्यवस्था गरे/नगरेको।			कानुन, कार्यविधि, निर्देशिकामा खास व्यवस्था गरेको ।	कार्यविधि, निर्देशिकामा खास व्यवस्था नगरेको ।	कार्यविधि, निर्देशिकामा समेत कुनै खास व्यवस्था नगरेको ।	दस्तावेज र स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकाहरू, स्थानीय राजपत्र।
५				१.१.५	गाउँपालिकाले कार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला, किशोरी, बालिकाहरू तथा लक्षित वर्ग लगायतमा हुने सबै प्रकारका विभेदजन्य	०-१		गाउँपालिकाले कार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला, किशोरी, बालिकाहरू तथा लक्षित वर्ग लगायतामा हुने सबै प्रकारका विभेदजन्य	गाउँपालिकाले कार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला, किशोरी, बालिकाहरू तथा लक्षित वर्ग लगायतमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरू अन्त्य गर्ने सिमित प्रावधान मात्र राखिएको ।	गाउँपालिकाले कार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला, किशोरी, बालिकाहरू तथा लक्षित वर्ग लगायतमा हुने सबै प्रकारका विभेदजन्य	गाउँपालिकाले कार्यान्वयनमा ल्याएका ऐन, नियम, कार्यविधिहरू र तिनको लैसअसास दृष्टिले विश्लेषण गरिएको दस्तावेज

नोट: मुल्याङ्कन गर्दा राम्रो अवस्थालाई १ अङ्क, मध्यम अवस्थालाई ०.५ अङ्क र अति कमजोर अवस्थालाई ० अङ्क दिनु पर्नेछ। तल दिएको तालिकामा प्रत्येक सूचकमा '१', '०.५', र '०' अङ्क पाउने अवस्था र सोको प्रमाणीकरणको आधार राखिएको छ। यी सूचकमा गरिने मूल्याङ्कन सामुहिक मूल्याङ्कन हो। समूहमा पहिला सूचकमा छलफल गरी सोको अवस्थाबारे सहमतिमा अङ्क प्रदान गर्नु पर्नेछ।

सि नं	मूल विषय	सहायक विषय	अङ्क	सूचक नं	सूचक	सूचक को अङ्क	प्राप्ताङ्क	१ अङ्क आउने अवस्था	०.५ अङ्क आउने अवस्था	० अक आउने अवस्था	प्रमाणिकरणको आधार
					कार्यहरू अन्त्य गर्ने प्रावधान राखिएको/नराखिएको ।			कार्यहरू अन्त्य गर्ने प्रावधान राखिएको।		कार्यहरू अन्त्य गर्ने कुनै प्रावधान नराखिएको।	तथा स्थानीय राजपत्र ।
६				१.१.५	संघीय कानुनले व्यवस्था गरे बमोजिम स्थानीयस्तरमा महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने हिंसा र विभेद उपर	०-१		संघीय कानुनले व्यवस्था गरे बमोजिम स्थानीयस्तरमा महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाएको र	संघीय कानुनले व्यवस्था गरे बमोजिम स्थानीयस्तरमा महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाएको तर कार्यान्वयन नभएको ।	संघीय कानुनले व्यवस्था गरे बमोजिम स्थानीयस्तरमा महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुनेहिंसा र विभेद उपर सुनुवाई	महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने विभेद उपर सुनुवाई भएका प्रमाणित कागजातहरू र माहिला तथा वञ्चितीमा परेका

नोटः मुल्याङ्कन गर्दा राम्रो अवस्थालाई १ अङ्क, मध्यम अवस्थालाई ०.५ अङ्क र अति कमजोर अवस्थालाई ० अङ्क दिनु पर्नेछ। तल दिएको तालिकामा प्रत्येक सूचकमा '१', '०.५', र '०' अङ्क पाउने अवस्था र सोको प्रमाणीकरणको आधार राखिएको छ। यी सूचकमा गरिने मूल्याङ्कन सामुहिक मूल्याङ्कन हो। समूहमा पहिला सूचकमा छलफल गरी सोको अवस्थाबारे सहमतिमा अङ्क प्रदान गर्नु पर्नेछ।

सि नं	मूल विषय	सहायक विषय	अङ्क	सूचक नं	सूचक	सूचक को अङ्क	प्राप्ताङ्क	१ अङ्क आउने अवस्था	०.५ अङ्क आउने अवस्था	० अक आउने अवस्था	प्रमाणिकरणको आधार
					सुनुवाई हुने प्रवन्ध मिलाए /नमिलाएको ।			सोहि अनुरूप कार्यन्वयन हुने गरेको।		हुने प्रवन्ध नमिलाएको ।	समुदायहरूको स्वयम भनाइहरूको दस्तावेज
७				१.१.७	स्थानीय नीति तथा कानुनमा महिला, पुरूष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यक उपर हुने श्रमको ज्यालामा विभेद अन्त्य गर्ने प्रावधान रहे/नरहेको ।	०-१		स्थानीय नीति तथा कानुनमा महिला, पुरूष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यक उपर हुने श्रमको ज्यालामा विभेद अन्त्य गर्ने प्रावधान रहेको र सोको कार्यान्वयन भएको ।	स्थानीय नीति तथा कानुनमा महिला, पुरूष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यक उपर हुने श्रमको ज्यालामा विभेद अन्त्य गर्ने प्रावधानमात्र रहेको तर सोको कार्यान्वयन नभएको।	स्थानीय नीति तथा कानुनमा महिला, पुरूष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यक उपर हुने श्रमको ज्यालामा विभेद अन्त्य गर्ने कुनै प्रावधान नरहेको।	स्थानीयत नीति कानुन, श्रमको ज्याला भुक्तानी दस्तावेज तथा विवरण।

नोट: मुल्याङ्कन गर्दा राम्रो अवस्थालाई १ अङ्क, मध्यम अवस्थालाई ०.५ अङ्क र अति कमजोर अवस्थालाई ० अङ्क दिनु पर्नेछ। तल दिएको तालिकामा प्रत्येक सूचकमा '१', '०.५', र '०' अङ्क पाउने अवस्था र सोको प्रमाणीकरणको आधार राखिएको छ। यी सूचकमा गरिने मूल्याङ्कन सामुहिक मूल्याङ्कन हो। समूहमा पहिला सूचकमा छलफल गरी सोको अवस्थाबारे सहमतिमा अङ्क प्रदान गर्नु पर्नेछ।

सि नं	मूल विषय	सहायक विषय	अङ्क	सूचक नं	सूचक	सूचक को अङ्क	प्राप्ताङ्क	१ अङ्क आउने अवस्था	०.५ अङ्क आउने अवस्था	० अक आउने अवस्था	प्रमाणिकरणको आधार
८				१.१.८	गाउँपालिकाको नीति तथा कानुनमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी उपर हुने विभेद रोक्ने प्रावधान रहे /नरहेको।	०-१		गाउँपालिकाको नीति तथा कानुनमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी उपर हुने विभेद रोक्ने प्रावधानहरू रहेको र सोको कार्यान्वयन भएको।	गाउँपालिकाको नीति तथा कानुनमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी उपर हुने विभेद रोक्ने प्रावधान रहेको तर सोको कार्यान्वयन नभएको ।	गाउँपालिकाको नीति तथा कानुनमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी उपर हुने विभेद रोक्ने कुनै प्रावधान नरहेको।	गाउँपालिकाको श्रम नीति तथा कानुन, दस्तावेज र समीक्षा प्रतिवेदन ।
९		योजना तर्जुमा तथा	८	१.२.१	आवधिक योजना र बार्षिक विकास कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति,	०-१		आवधिक योजना र बार्षिक विकास कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति,	आवधिक योजना र बार्षिक विकास कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि आँसि नीति, रणनीति, कार्यक्रम रहेको तर सोको	आवधिक योजना र बार्षिक विकास कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति,	आवधिक योजना, बार्षिक विकास कार्यकम, लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति,

नोट: मुल्याङ्कन गर्दा राम्रो अवस्थालाई १ अङ्क, मध्यम अवस्थालाई ०.५ अङ्क र अति कमजोर अवस्थालाई ० अङ्क दिनु पर्नेछ। तल दिएको तालिकामा प्रत्येक सूचकमा '१', '०.५', र '०' अङ्क पाउने अवस्था र सोको प्रमाणीकरणको आधार राखिएको छ। यी सूचकमा गरिने मूल्याङ्कन सामुहिक मूल्याङ्कन हो। समूहमा पहिला सूचकमा छलफल गरी सोको अवस्थाबारे सहमतिमा अङ्क प्रदान गर्नु पर्नेछ।

सि नं	मूल विषय	सहायक विषय	अङ्क	सूचक नं	सूचक	सूचक को अङ्क	प्राप्ताङ्क	१ अङ्क आउने अवस्था	०.५ अङ्क आउने अवस्था	० अक आउने अवस्था	प्रमाणिकरणको आधार
					रणनीति, कार्यक्रम र सोको मापनयोग्य लक्ष्य समावेश गरे / नगरेको।			कार्यक्रम सोको मापनयोग्य लक्ष्य समावेश गरिएको ।	मापनयोग्य लक्ष्य समावेश नगरिएको।	रणनीति, कार्यक्रम र सोको मापनयोग्य लक्ष्य समावेश नगरिएको।	कार्यक्रम, लक्ष्य तथा उपलव्धी सम्बन्धी आवधिक प्रतिवेदन।
१०				१.२.२	गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा सबै लक्षित समूहको	०-१		गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा सबै लक्षित समूहको अवस्था	गाउँपालिका /नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा केही लक्षित समूहको अवस्था	गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा कुनै पनि लक्षित समूहको	गाउँपालिकाको महिला, बालबालिका, तथा लक्षित समूहको अवस्था विश्लेषण प्रतिवेदन, पार्श्वचित्र, प्रोफाईल, बजेट सीमा,

नोट: मुल्याङ्कन गर्दा राम्रो अवस्थालाई १ अङ्क, मध्यम अवस्थालाई ०.५ अङ्क र अति कमजोर अवस्थालाई ० अङ्क दिनु पर्नेछ। तल दिएको तालिकामा प्रत्येक सूचकमा '१', '०.५', र '०' अङ्क पाउने अवस्था र सोको प्रमाणीकरणको आधार राखिएको छ। यी सूचकमा गरिने मूल्याङ्कन सामुहिक मूल्याङ्कन हो। समूहमा पहिला सूचकमा छलफल गरी सोको अवस्थाबारे सहमतिमा अङ्क प्रदान गर्नु पर्नेछ।

सि नं	मूल विषय	सहायक विषय	अङ्क	सूचक नं	सूचक	सूचक को अङ्क	प्राप्ताङ्क	१ अङ्क आउने अवस्था	०.५ अङ्क आउने अवस्था	० अक आउने अवस्था	प्रमाणिकरणको आधार
					अवस्था विश्लेषणको आधारमा सो समूहलाई प्रत्यक्ष फाइदा पुग्ने गरी कूल पूँजीगत बजेटको निश्चित प्रतिशत छुट्याउने गरे /नगरेको ।			विश्लेषणको आधारमा सो समूहलाई प्रत्यक्ष फाइदा पुग्ने गरी कूल पूँजीगत बजेटको निश्चित प्रतिश छुट्याउने गरेको।	विश्लेषण गरी कूल पूँजीगत बजेटको निश्चित प्रतिशत छुट्याउने गरेको ।	अवस्था विश्लेषण नगरेको तथा कूल पूँजीगत बजेटको निश्चित प्रतिशत छुट्याउने नगरेको ।	बार्षिक बजेट तथा विकास कार्यक्रम ।

नोट: मुल्याङ्कन गर्दा राम्रो अवस्थालाई १ अङ्क, मध्यम अवस्थालाई ०.५ अङ्क र अति कमजोर अवस्थालाई ० अङ्क दिनु पर्नेछ। तल दिएको तालिकामा प्रत्येक सूचकमा '१', '०.५', र '०' अङ्क पाउने अवस्था र सोको प्रमाणीकरणको आधार राखिएको छ। यी सूचकमा गरिने मूल्याङ्कन सामुहिक मूल्याङ्कन हो। समूहमा पहिला सूचकमा छलफल गरी सोको अवस्थाबारे सहमतिमा अङ्क प्रदान गर्नु पर्नेछ।

सि नं	मूल विषय	सहायक विषय	अङ्क	सूचक नं	सूचक	सूचक को अङ्क	प्राप्ताङ्क	१ अङ्क आउने अवस्था	०.५ अङ्क आउने अवस्था	० अक आउने अवस्था	प्रमाणिकरणको आधार
११				१.२.३	गाउँपालिकाको योजना पहिचान तथा छनौट गर्दा लक्षित समूहको सक्रीय सहभागिता हुने गरे नगरेको र लक्षित समूहले छनौट गरेका योजना प्राथमिकतामा पर्ने गरे /नगरेको ।	०-१		गाउँपालिकाको योजना पहिचान तथा छनौट गर्दा लक्षित समूहको सक्रीय सहभागिता हुने गरे नगरेको र लक्षित समूहले छनौट गरेका योजना प्राथमिकतामा पर्ने गरेको ।	गाउँपालिकाले गाउँ, वस्तीस्तरबाट योजना पहिचान तथा छनौट गर्दा केही मात्र लक्षित समूहको सक्रीय सहभागिता हुने गरेको र लक्षित समूहले छनौट गरेका केही योजनामात्र प्राथमिकतामा पर्ने गरेको।	गाउँपालिकाले गाउँ, वस्तीस्तरबाट योजना पहिचान तथा छनौट गर्दा कुनै पनि लक्षित समूहको सक्रीय सहभागिता हुने गरेको र लक्षित समूहले छनौट गरेका योजना प्राथमिकतामा पर्ने नगरेको ।	सहभागी सूची फोटो र वडास्तरबाट छनौट योजना तथा कार्यक्रमको सूची, निर्णय पुस्तिका, स्वीकृत बार्षिक कार्यक्रम।

नोट: मुल्याङ्कन गर्दा राम्रो अवस्थालाई १ अङ्क, मध्यम अवस्थालाई ०.५ अङ्क र अति कमजोर अवस्थालाई ० अङ्क दिनु पर्नेछ। तल दिएको तालिकामा प्रत्येक सूचकमा '१', '०.५', र '०' अङ्क पाउने अवस्था र सोको प्रमाणीकरणको आधार राखिएको छ। यी सूचकमा गरिने मूल्याङ्कन सामुहिक मूल्याङ्कन हो। समूहमा पहिला सूचकमा छलफल गरी सोको अवस्थाबारे सहमतिमा अङ्क प्रदान गर्नु पर्नेछ।

सि नं	मूल विषय	सहायक विषय	अङ्क	सूचक नं	सूचक	सूचक को अङ्क	प्राप्ताङ्क	१ अङ्क आउने अवस्था	०.५ अङ्क आउने अवस्था	० अक आउने अवस्था	प्रमाणिकरणको आधार
१२				१.२.४	योजना तर्जुमा गर्दा महिला तथा लक्षित समूहको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल हुने गरे/नगरेको।	०-१		योजना तर्जुमा गर्दा महिला तथा लक्षित समूहको व्यवहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा निरन्तर (सबै योजना तर्जुमाका सबै चरणमा सधैं) छलफल हुने गरेको।	योजना तर्जुमा गर्दा महिला तथा लक्षित समूहको व्यवहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा कहिलेकाँही मात्र (केही योजना तर्जुमाका केही चरणमा कहिलेकाँही) छलफल हुने गरेको।	योजना तर्जुमा गर्दा महिला तथा लक्षित समूहको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल हुने नगरेको।	बैठक निर्णय पुस्तिका, बजेट तर्जुमा मार्गदर्शन बैठक पुस्तिका, स्वीकृत बार्षिक कार्यक्रम।
१३				१.२.५	योजना तर्जुमा गर्दा महिला र पुरुष एवम् लक्षित समूहको छुट्टा	०-१		योजना तर्जुमा गर्दा महिला र पुरुष एवम् लक्षित समूहको छुट्टा	योजना तर्जुमा गर्दा महिला र पुरुष एवम् लक्षित समूहको छुट्टा छुट्टै अवस्था	योजना तर्जुमा गर्दा महिला र पुरुष एवम् लक्षित समूहको छुट्टा	महिला र पुरुष एवम् लक्षित समूहको छुट्टा छुट्टै अवस्था देखिने

नोट: मुल्याङ्कन गर्दा राम्रो अवस्थालाई १ अङ्क, मध्यम अवस्थालाई ०.५ अङ्क र अति कमजोर अवस्थालाई ० अङ्क दिनु पर्नेछ। तल दिएको तालिकामा प्रत्येक सूचकमा '१', '०.५', र '०' अङ्क पाउने अवस्था र सोको प्रमाणीकरणको आधार राखिएको छ। यी सूचकमा गरिने मूल्याङ्कन सामुहिक मूल्याङ्कन हो। समूहमा पहिला सूचकमा छलफल गरी सोको अवस्थाबारे सहमतिमा अङ्क प्रदान गर्नु पर्नेछ।

सि नं	मूल विषय	सहायक विषय	अङ्क	सूचक नं	सूचक	सूचक को अङ्क	प्राप्ताङ्क	१ अङ्क आउने अवस्था	०.५ अङ्क आउने अवस्था	० अक आउने अवस्था	प्रमाणिकरणको आधार
					छुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने गरिए /नगरिएको ।			छुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसार सबै कार्यक्रम तय गर्ने गरिएको ।	विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसार केही कार्यक्रम तय हुने गरेको।	छुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने नगरिएको।	अवस्था विश्लेषण प्रतिवेदन आवश्यकता पहिचान प्रतिवेदन बार्षिक विकास कार्यक्रम।
१४				१.२.५	गाउँपालिकाले दिगो विकासका लक्ष्यहरू विशेष गरेर लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो	०-१		गाउँपालिकाले दिगो विकासका लक्ष्यहरूमध्ये लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसारको	स्थानीय सरकारले दिगो विकासका लक्ष्यहरूमध्ये लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसार केही कार्यक्रमहरूमा	स्थानीय सरकारले दिगो विकासका लक्ष्यहरूमध्ये लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण नगर्नुको	दिगो विकासका लक्ष्यहरू स्थानीयकरण गरेको दस्तावेज (नीति, योजना तथा बार्षिक विकास कार्यक्रम)

नोट: मुल्याङ्कन गर्दा राम्रो अवस्थालाई १ अङ्क, मध्यम अवस्थालाई ०.५ अङ्क र अति कमजोर अवस्थालाई ० अङ्क दिनु पर्नेछ। तल दिएको तालिकामा प्रत्येक सूचकमा '१', '०.५', र '०' अङ्क पाउने अवस्था र सोको प्रमाणीकरणको आधार राखिएको छ। यी सूचकमा गरिने मूल्याङ्कन सामुहिक मूल्याङ्कन हो। समूहमा पहिला सूचकमा छलफल गरी सोको अवस्थाबारे सहमतिमा अङ्क प्रदान गर्नु पर्नेछ।

सि नं	मूल विषय	सहायक विषय	अङ्क	सूचक नं	सूचक	सूचक को अङ्क	प्राप्ताङ्क	१ अङ्क आउने अवस्था	०.५ अङ्क आउने अवस्था	० अक आउने अवस्था	प्रमाणिकरणको आधार
					अनुसारको बजेट विनियोजन हुने गरे / नगरेको ।			बजेट विनियोजन गर्ने गरेको ।	बजेट विनियोजन गर्ने गरेको।	साथै बजेट विनियोजन पनि गर्ने नगरेको।	
१५				१.३.७	गाउँपालिकाका योजना महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्नेगरी बने /नबनेको ।	०-१		गाउँपालिकाका योजना महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष /निर्दिष्ट लाभ पुग्नेगरी बनेको ।	गाउँपालिकाका योजना महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई अप्रत्यक्ष /सहयोगी हुने गरी बनेको ।	गाउँपालिकाका योजनाले महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई लाभ पुग्नेगरी नबनेको ।	नीति, योजना तथा बार्षिक विकास कार्यक्रम।

नोटः मुल्याङ्कन गर्दा राम्रो अवस्थालाई १ अङ्क, मध्यम अवस्थालाई ०.५ अङ्क र अति कमजोर अवस्थालाई ० अङ्क दिनु पर्नेछ। तल दिएको तालिकामा प्रत्येक सूचकमा '१', '०.५', र '०' अङ्क पाउने अवस्था र सोको प्रमाणीकरणको आधार राखिएको छ। यी सूचकमा गरिने मूल्याङ्कन सामुहिक मूल्याङ्कन हो। समूहमा पहिला सूचकमा छलफल गरी सोको अवस्थाबारे सहमतिमा अङ्क प्रदान गर्नु पर्नेछ।

सि नं	मूल विषय	सहायक विषय	अङ्क	सूचक नं	सूचक	सूचक को अङ्क	प्राप्ताङ्क	१ अङ्क आउने अवस्था	०.५ अङ्क आउने अवस्था	० अक आउने अवस्था	प्रमाणिकरणको आधार
१६				१.२.८	गाउँपालिकाका उपभोक्ता समितिहरूमा लक्षित समूहका प्रतिनिधि सहित कम्तिमा ४०% महिलाहरूको सहभागिता भए/नभएको र मूख्य कार्यकारी पदको जिम्मेवारी दिए /नदिएको ।	०-१		गाउँपालिकाका उपभोक्ता समितिहरूमा लक्षित समूहका प्रतिनिधि सहित कम्तिमा ४०% महिलाहरूको सहभागिता भएको र मूख्य कार्यकारी पदको जिम्मेवारी दिएको ।	गाउँपालिकाका उपभोक्ता समितिहरूमा लक्षित समूहका प्रतिनिधि सहित कम्तिमा ४०% महिलाहरूको सहभागिता भएको तर मूख्य कार्यकारी पदको जिम्मेवारी नदिइएको।	गाउँपालिकाका उपभोक्ता समितिहरूमा लक्षित समूहका प्रतिनिधि सहित कम्तिमा ४०% महिलाहरूको सहभागिता नभएको र मूख्य कार्यकारी पदको जिम्मेवारी पनि नदिइएको।	उपभोक्ता समितिको गठन सम्बन्धी नीति तथा कानुन उपभोक्ता समितिको संरचना।

नोट: मुल्याङ्कन गर्दा राम्रो अवस्थालाई १ अङ्क, मध्यम अवस्थालाई ०.५ अङ्क र अति कमजोर अवस्थालाई ० अङ्क दिनु पर्नेछ। तल दिएको तालिकामा प्रत्येक सूचकमा '१', '०.५', र '०' अङ्क पाउने अवस्था र सोको प्रमाणीकरणको आधार राखिएको छ। यी सूचकमा गरिने मूल्याङ्कन सामुहिक मूल्याङ्कन हो। समूहमा पहिला सूचकमा छलफल गरी सोको अवस्थाबारे सहमतिमा अङ्क प्रदान गर्नु पर्नेछ।

सि नं	मूल विषय	सहायक विषय	अङ्क	सूचक नं	सूचक	सूचक को अङ्क	प्राप्ताङ्क	१ अङ्क आउने अवस्था	०.५ अङ्क आउने अवस्था	० अक आउने अवस्था	प्रमाणिकरणको आधार
१७		बजेट तर्जुमा तथा कार्यान्वयन	४	१.३.१	बजेट तथा कार्यक्रम तर्जुमा गर्नु पूर्व समुदायका महिला, बालबालिका, अपाङ्ग, जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग, दलित लगायत सबै लक्षित वर्ग र समुदायसँग छलफल (विश्लेषण) गर्ने गरिए / नगरिएको ।			बजेट तथा कार्यक्रम तर्जुमा गर्नु पूर्व समुदायका महिला, बालबालिका, अपाङ्ग, जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग, दलित लगायत सबै लक्षित वर्ग र समुदायसँग छलफल (विश्लेषण) गर्ने गरिएको ।	बजेट तथा कार्यक्रम तर्जुमा गर्नु पूर्व समुदायका महिला, बालबालिका, अपाङ्ग, जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग, दलित लगायत केही लक्षित वर्ग र समुदायसँग केही कार्यक्रममा छलफल (विश्लेषण)गर्ने गरिएको ।	बजेट तथा कार्यक्रम तर्जुमा गर्नु पूर्व समुदायका महिला, बालबालिका, अपाङ्ग, जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग, दलित लगायत सबै लक्षित वर्ग र समुदायसँग छलफल (विश्लेषण) गर्ने नगरिएको ।	बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी दस्तावेज लक्षित समूहसँग छलफल भएकव निर्णय पुस्तिका।

नोट: मुल्याङ्कन गर्दा राम्रो अवस्थालाई १ अङ्क, मध्यम अवस्थालाई ०.५ अङ्क र अति कमजोर अवस्थालाई ० अङ्क दिनु पर्नेछ। तल दिएको तालिकामा प्रत्येक सूचकमा '१', '०.५', र '०' अङ्क पाउने अवस्था र सोको प्रमाणीकरणको आधार राखिएको छ। यी सूचकमा गरिने मूल्याङ्कन सामुहिक मूल्याङ्कन हो। समूहमा पहिला सूचकमा छलफल गरी सोको अवस्थाबारे सहमतिमा अङ्क प्रदान गर्नु पर्नेछ।

सि नं	मूल विषय	सहायक विषय	अङ्क	सूचक नं	सूचक	सूचक को अङ्क	प्राप्ताङ्क	१ अङ्क आउने अवस्था	०.५ अङ्क आउने अवस्था	० अक आउने अवस्था	प्रमाणिकरणको आधार
१८				१.३.२	गाउँपालिकामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवम् परीक्षण नियमितरुपमा गर्न बजेटको व्यवस्था गरिए /नगरिएको र सोको कार्यान्वयन भए/नभएको।	०-१		गाउँपालिकामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवम् परीक्षण नियमितरुपमा गर्न बजेटको व्यवस्था गरिएको र सोको कार्यान्वयन भएको।	गाउँपालिकामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवम् परीक्षण नियमितरुपमा गर्न बजेटको व्यवस्था गरिएको तर सोको कार्यान्वयन नभएको।	गाउँपालिकामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवम् परीक्षण नियमितरुपमा गर्न बजेटको व्यवस्था नगरिएको र सोको कार्यान्वयन नभएको।	बार्षिक विकास कार्यक्रम र लैसअसास परीक्षण प्रतिवेदन प्रगति प्रतिवेदन।
१९				१.३.३	परीक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता	०-१		परीक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता	परीक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना	परीक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता	बार्षिक विकास कार्यक्रम लैसअसास

